खडक नगरपालिका

नगर कार्यपालिकाको कार्यलयद्धारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः-९ संख्याः-६ मितिः२०८२/१०/२२

## खडक बहुमुखी क्याम्पस संचालन तथा व्यवस्थापन कार्यविधि -२०८२

प्रस्तावना : खडक नगरपालिकामा उच्च शिक्षातर्फ साधारण र प्रविधिक सङ्कायका कार्यक्रमहरु सञ्चालन गरी नगरवासीहरुलाई गुणस्तरीय उच्च शिक्षा प्रदान गर्न आवश्यक देखिएकोले वि.सं. २०८१ देखि जनस्तरबाट सञ्चालित खडक बहुमुखी क्याम्पसलाई मुनाफारहित, सेवामूलक र स्तरीय उच्च शिक्षा प्रदान गर्न शिक्षण संस्थाका रुपमा र नगरपालिकाको संयुक्त व्यवस्थापनमा सञ्चालन गर्ने अभिप्रयले नगरपालिकाको १३ औं नगर सभाको निति तथा कार्यक्रमकव सामाजिक विकास शीर्षकको शिक्षा क्षेत्र उपशिर्षक अन्तर्गत सबै नगरवासीलाई स्नातक बनाउने लक्ष्यलाई पूरा गर्न यस नगरपालिकाको वडा नं. ६ स्थित खडक सामुदायिक क्याम्पसलाई नगरपालिकाको नगर क्याम्पसका रुपमा विकास गरिने छ' भनी उल्लेख भएको सन्दर्भलाई आधर मानी नगर कार्यपालिकाको १९३ औं बैठकबाट नगरपालिका र समुदायको संयुक्त व्यवस्थापनमा क्याम्पसस सञ्चालनका लागि यो कार्यविधि बनाई स्वीकृत सहित लागु गरिएको छ ।

### परिच्छेद १ :प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम खडक बहुमुखी क्याम्पस सञ्चालन तथा व्यवस्थापन कार्यविधि -२०८२ रहेको छ ।

२) लागु हुने : यो कार्यविधि खडक नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुने छ ।

३) परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) 'कार्यविधि' भन्नाले 'खडक बहुमुखी क्याम्पस सञ्चालन तथा व्यवस्थापन कार्यविधि -२०८२ लाई जनाउँदछ ।

(ख) 'नगरपालिका' भन्नाले खडक नगरपालिकालाई जनाउँदछ ।

(ग) 'कार्यपालिका' भन्नाले खडक नगरपालिकाको नगर कार्यपालिकालाई जनाउँदछ ।

(घ) 'प्रमुख' भन्नाले खडक नगरपालिकाको नगर प्रमुखलाई जननउँदछ ।

(ङ) 'उपप्रमुख' भन्नाले खडक नगरपालिकाको नगर उपप्रमुखलाई जनाउँदछ ।

(च) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले खडक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ ।

(छ) 'शिक्षा प्रमुख' भन्नाले खडक नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुखलाई जनाउँदछ ।

(ज) 'क्याम्पस' भन्नाले खडक बहुमुखी क्याम्पसलाई जनउँदछ ।

(झ) 'सभा' भन्नाले खडक बहुमुखी क्याम्पसको क्याम्पस सभालाई जनाउँदछ ।

(ञ) 'अध्यक्ष' भन्नाले खडक बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष जनाउँदछ ।

(ट) 'उपाध्यक्ष' भन्नाले क्याम्पस सञ्चालन समितिका उपाध्यक्ष जनाउँदछ ।

(ठ) 'कार्यकारी उपाध्यक्ष' भन्नाले अध्यक्षले आफ्ना केही अधिकार र जिम्मेवारी प्रत्यायोजन गरेर दिएको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(ड) 'सञ्चालक समिति' भन्नाले क्याम्पस 'सञ्चालक समितिलाई जनाउँदछ ।

(ढ) 'सल्लाहकार समिति' भन्नाले क्याम्पस) सल्लाहकार समितिलाई जनाउँदछ ।

(ण) 'विश्वविधालय' भन्नाले खडक बहुमुखी क्याम्पसलाई सम्बन्धन दिने विश्वविधालय जनाउँदछ ।

(त) 'आयोग' भन्नाले विश्वविधालय अनुदान आयोगलाई जनाउँदछ ।

(थ) 'शिक्षा सञ्चालन कार्यविधि' भन्नाले 'नगरपालिकाको शिक्षा सञ्चालन कार्यविधि -२०७५' लाई जनाउँदछ ।

(द) 'नगरवासी' भन्नाले खडक नगरपालिकामा बसोबास गर्न नगरवासीलाई जनाउँदछ ।

(ध) 'संस्थापक' भन्नाले क्याम्पसको स्थापना र सञ्चालनमा पहिले भूमिकामा रहेका शिक्षाविद,समाजसेवी तथा क्याम्पसको पहिलो सञ्चालक समितिलाई जनाउँदछ ।

(ख) आजीवन सदस्य : योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले रु.१००००(दश हजार) शुल्क तिरी क्याम्पसको आजीवन सदस्यता प्रदान गर्न सकिने छ ।

(ग) विशिष्ट सदस्य : क्याम्पसलाई सञ्चालक समितिबाट तोकिए बमोजिमको नगद वा जिन्सी सहयोग गर्ने दातालाई विशिष्ट सदस्यता प्रदान गर्न सकिने छ ।

(घ) मानार्थ सदस्य : क्यामपस सञ्चालनक समितिले आवश्यक ठानेका विशिष्ट समाजसेवा,लब्धप्रतिष्ठित र शिक्षाविद्हरुलाई क्याम्पसको मानार्थ सदस्यता प्रदान गर्न सकिने छ ।

(ङ) नगर कार्यपालिका सदस्यहरु मध्येबाट नगरपालिकाको मनोनित गरेका सदस्यहरु ।

(च) माथि (क),(ख),(ग) र (घ) मा जुनसुकै कुरा उल्लेखित भए तापनि क्याम्पसको सदस्यताका लागि दफा ७-मा उल्लेखित गरिए अनुसारको योग्यता पुगेको हुनुपर्ने छ ।

८)सदस्यको योग्यता :क्याम्पस सभाको सदस्यता लागि देहाय बमोजिम योगयता पुगेको हुनुपर्ने छ :

(क) १८ वर्ष पूरा भएको सबै नेपाली नागरिक ।

(ख) कुनै कानुनले अयोग्य नठहरिएको ।

(ग) शारीरिक तथा मानसिक अवस्था ठिक भएको ।

(घ) नैतिक पतन हुने फोजदारी अभियोगमा सजाय नपाएको ।

(ङ) क्यामपसको आजीवन सदस्यता प्रप्त गरेको ।

९) दफा ७ बमोजिम कुनै पनि व्यक्तिले प्राप्त गरेको सदस्यता देहायको अवस्थामा समाप्त हुने छ :

(क) मानसिक सन्तुलन गुमाएको अवस्थामा ।

(ख) कानुनले अयोग्य ठहरिएको अवस्थामा ।

(ग) नैतिक पतन हुने फोजदारी अभियोगमा सजाय पाएको दुई वर्ष पूरा नभएको अवस्थामा ।

(घ) मृत्यु भएमा ।


(ङ) राजीनामा दिएमा ।

(च) कुनै देशको स्थायी आवसीय अनुमति पत्र लिएमा ।

## परिच्छेद ३ : क्याम्पसको सङ्गठनात्मक स्वरुप

१०) क्याम्पसको सङ्गठनात्मक स्वरुप

क्याम्पसको सङ्गठनात्मक स्वरुप तल उल्लेख भए अनुसारको हुने छ ।



११) क्याम्पस सभाको गठन

क्याम्पस सभाको गठन वर्तमान सञ्चालक समितिले गर्ने छ ।वर्तमान संचालक समितिले आफ्नो पदावधि समाप्त हुनुभन्दा एक महिना अगावै क्याम्पस सभाको गठन गरिसक्नु पर्नेछ ।गठित क्याम्पस सभाले नयाँ क्याम्पस सञ्चालक समितिको गठन गर्ने छ।क्याम्पस सभामा देहायका व्यक्तिहरू रहने छनः

(क) क्याम्पस सञ्चालक समितिको वर्तमान पदाधिकारीहरू (पदेन सदस्य)

(ख) क्याम्पसमा अध्ययनरत विद्यार्थीका अभिभावकहरू मध्येवाट अभिभावक भैलाले छानी पठाएका २ महिला सहित- ७ जना सदस्य

(ग) स्थानीय शिक्षाविद्,शिक्षाप्रेमी,समाजसेवी र चन्दादाताहरू मध्येबाट संचालक समितिले मनोनित गरेको- ४ जना सदस्य

(घ) स्वतन्त्र विद्यार्थी युनियनका सभापति/विद्यार्थी प्रतिनिधि- १ जना पदेन सद्स्य

(ङ) सम्बन्धित नगरपालिकाको नगर प्रमुख,सम्बन्धित वडाको वडा अध्यक्ष र सम्बन्धित वडाको वडा सदस्यहरू मध्ये १ जना महिला सहित- ३ जना पदेन सदस्य

(च) पूर्वाञ्चल विश्वविद्यालय प्रतिनिधि- १ जना पदेन सदस्य

(छ) भूर्त पूर्व क्याम्पस प्रमुखहरू- पदेन सदस्य

(ज) सम्बन्धित क्षेत्रको प्रदेश सभा सदस्य- १ जना पदेन सदस्य

(झ) क्याम्पसका मानार्थ सदस्य,आजीवन सदस्य,विशिष्ट सदस्य र साधारण सदस्यहरू

(ञ) क्याम्पसका संस्थापक सदस्यहरू

क्याम्पस सभाका सदस्यको पदावधि ३ वर्षको हुनेछ ।पदेन सदस्य बाहेकका क्याम्पस सभाका सदस्यहरूको शैक्षिक योग्यता कम्तिमा एस.एल.सी पास भएको हुनुपर्ने छ ।

१२) क्याम्पस सभाको अध्यक्षताःक्याम्पस सभाको अध्यक्षता संचालक समितिको अध्यक्षबाट गरिने छ ।अध्यक्षको अनुपस्थितिमा संचालक समितिको सदस्यहरूमध्ये ज्येष्ठ सदस्यले क्याम्पस सभाको अध्यक्षता गर्ने छ।

१३) क्याम्पस सभाको काम कर्तव्य र अधिकार

(क) क्याम्पस संचालक समितिको गठन गर्ने ।

(ख) क्याम्पस सञ्चालनका क्रममा आवश्यक आर्थिक,शैक्षिक,भौतिक,साम्रागी जुटाउन सञ्चालक समितिलाई परामर्श तथा सल्लाह सुझाव दिने ।

(ग) क्याम्पस सभालाई मर्यादित ढंगले संचालन गर्ने ।

(घ) सञ्चालक समितिको पदावधी समाप्त हुनु भन्दा एक महिना अगावै सो समितिले अध्यक्ष,सदस्य र क्याम्पस प्रमुख सदस्य सचिव रहने गरि तिन सदस्य निर्वाचन समिति गठन गर्ने छ ।सो निर्वाचन समितिले सहमतीय प्रक्रियाद्धारा सञ्चालक समिति गठन गर्ने छ ।

(ङ) क्याम्पसको निकासा दीर्घकालीन योजना अनुमोदन गर्ने तथा दीर्घकालिन सोच बनाउने ।

(च) क्याम्पस सञ्चालक समितिद्धारा पेश भएका विनियम अनुमोदन गर्ने ।

१४) क्याम्पस सभाको बैठकः- यस सभाको बैठक वर्षमा एक पटक क्याम्पस संचालक समितिले तोकेको मिति र समययमा क्याम्पसमा बस्ने छ ।तर एक तिहाई क्याम्पस सभाका सदस्यहरूले लिखित रूपमा सभाको माग गरी क्याम्पस संचालक समितिका अध्यक्ष सम्क्ष लिखित अनुरोध गरेमा एक महिना भित्र अध्यक्षले क्याम्पस सभा बोलाउनु पर्नेछ ।क्याम्पस सभाको बैठक प्रत्येक वर्ष असोज मसान्तमा बस्ने छ ।

१५) क्याम्पस सभाको बैठकको गणपुरक संख्या

क्याम्पस सभाको बैठकको गणपुरक संख्यां ५१ प्रतिशत हुनेछ ।उक्त बैठक बस्नका लागि प्रथम पटक ५१ प्रतिशत सदस्यहरू उपस्थित नभएमा दोश्रो पटक कम्तीमा एक तिहाई सभा सदस्यहरू उपस्थित हुनुपर्नेछ ।तेश्रो पटक उपस्थित संख्याबाट सभा संचालन हुन वाधा पुग्ने छैन ।बैठकको निर्णय बहुमतबाट पारित हुनेछ ।

१६) सञ्चालक समितिको बैठक

क्याम्पस सञ्चालक समितिको बैठक सामान्यता तीन महिना एक पटक बस्ने छ । बैठकले सर्वसम्मति हुन नसकेका विषयमा सदस्यहरुको बहुमतबाट निर्णय गर्ने छ ।

१७) क्याम्पस सञ्चालक समितिका काम, कर्तव्य र अधिकार

क्याम्पस सञ्चालक समितिका काम,कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् :

(क) क्याम्पस सभाबाट भएका निर्णयहरुको कार्यन्वयन गर्ने/गराउने ।

(ख) क्याम्पस सञ्चालन गर्ने आवश्यक निर्देशिका बनाई लागु गर्ने/गराउने ।

(ग) क्याम्पसको वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने र स्वीकृत गर्ने ।

(घ) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, शिक्षक र कर्मचारीहरुको नियुक्ति गर्ने ।

(ङ) क्याम्पसका शैक्षिक तथा प्रशासनिक गतिविधि र भौतिक अवस्थाका बारेमा समय समयमा अनुगमन गर्ने र निर्देशन दिने ।

(च) शैक्षिक र प्रज्ञिक अनुसन्धानका कार्यक्रमहरु सञ्चालन गर्ने/गराउने ।

(छ) शैक्षिक र प्रज्ञिक सभा,सम्मेलन, गोष्ठी, सेमिनार, छलफल, अध्ययन, अन्तरिक्रिया आदि कार्यक्रमहरु गर्ने/गराउने ।

(ज) विद्यार्थी लिईने विभिन्न शुल्क निर्धारण गर्ने ।

(झ) क्याम्पसको सम्पतिको संरक्षण संवर्धन र परिचालन गर्ने ।

(ञ) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, शिक्षक र कर्मचारीहरुको पारिश्रमिक,सेवा,सर्तहरु र सुविधा निर्धारण गर्ने ।

(ट) विभिन्न विषयका कार्यक्रमहरु सञ्चालन गर्ने र त्यसका लागि आवश्यक भौतिक लगायतका पूर्वाधार तयार गर्ने

(ठ) क्याम्पस पढाइने विषयहरुसँग सम्बन्धित पठनपाठन र अनुसन्धान तथा प्रकाहनलाई व्यवस्थित र प्रभावकारी तुल्याउनका लागि आवश्यकताअनुसार विभिन्न विभागीय समिति तथा विषयगत समिति निर्माण गरी परिचालन गर्ने र गराउने ।

(ड) आवश्यक्ता अनुसार विभिन्न उपसमिति/आयोग गठन गर्ने र तिनको परिचालन गर्ने ।

(ढ) समान स्तरका राष्ट्रिय/अन्तराष्ट्रिय शैक्षिक संस्थाहरुसँग भाइचारा सम्बन्ध काय गर्ने र शैक्षणिक एवम् अनुसन्धानसम्बन्धी अनुभव आदान-प्रदान गर्न/गराउन आवश्यक व्यवस्था गर्ने ।

१८) सञ्चालन समितिले आवश्यकताअनुसार सम्बद्ध क्षेत्रका विज्ञहरु र व्यवस्थापकीय अनुभव प्रप्त व्यक्तिहरु रहेका सात सदस्यीय सल्लाहकार समिति गठन गर्न सक्ने छ ।

१९) क्याम्पस सञ्चालन समितिका पदाधिकारी र सदस्यहरु र सदस्यहरुको पद समाप्ति

देहायका अवस्थामा सञ्चालक समितिका पदाधिकारी र सदस्यहरुको पद हुने रिक्त हुने छ :

(क) मृत्यु भएको अवस्थामा ।

(ख) मानसिक सन्तुलन गुमाएको अवस्थामा ।

(ग) कानुनले अयोग्य ठहरिएको अवस्थामा ।

(घ) नैतिक पतन हुने फोजदारी अभियोगमा सजाय पाएको अवस्थामा ।

(ङ) राजीनामा दिएमा ।

(च) क्याम्पसको हितविपरीत काम गरेको भनी सञ्चालक समितिले दुई तिहाई बहुमतबाट हटाउने निर्णय भएमा ।तर हटाउनु अघि सम्बद्ध व्यक्तिलाई सफाई पेस गर्ने मौका भने दिनुपर्ने छ ।

(छ) पूर्व जानकारी विना सञ्चालन समितिको लगातार तीनओटा बैठकमा अनुपस्थित भएमा ।

२०) सञ्चालक समितिको कुनै पद रिक्त भएमा पूर्ति हुने

सञ्चालक समितिको कुनै पद रिक्त भएमा निम्नानुसार पूर्ति हुने छ :

(क) सञ्चालन समितिको अध्यक्षको पद रिक्त भएमा समितिमा नगर उपप्रमुख रुपमा रहेका पदेन उपाध्यक्षले स्वतः अध्यक्षको जिम्मेवारी लिने छ ।

(ख) सञ्चालन समितिको अध्यक्ष, उपाध्यक्ष दुवै पद रिक्त भएमा कार्यपालिकाले नगरप्रमुखका रुपमा तोकेको व्यक्तिले स्वतः अध्यक्षको जिम्मेवारी पाउने छ । नगर उपप्रमुखका रुपमा तोकेको व्यक्तिले स्वतः उपाध्यक्षको जिम्मेवारी पाउनेछ भने आजीवन सदस्यमध्येबाट क्याम्पस सभाबाट मनोनीत कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त उपाध्यक्षको पद रिक्त भएमा तत्काल रहेको क्याम्पस सञ्चालन समितिमा रहेका व्यक्ति मध्येबाट जिम्मेवारी दिन सकिनेछ ।

(ग) सञ्चालन समितिको सदस्यको पद रिक्त भएमा सो पदमा जुन विधिबाट मनोनयन वा निर्वाचन भएको थियो, सोही अनुसार बाँकी अवधिका लागि पूर्ति गरिने छ तर एक वर्षभन्दा कम अवधिका लागि भए पूर्ति गरिन् छैन ।

## परिच्छद ४: क्यामपसको सामाजिक ब्यवस्थापन

२१) जनशक्ति ब्यवस्थापन विधि

क्याम्पस संचालक समितिको निर्णयबाट क्याम्पसलाई आवश्यक जनशक्ति पदपुर्ति गर्न समावेशी सिद्धान्तका आधारमा तोकिएको शिक्षाबिद्को अध्यक्षतामा ३ सदस्यीय जनशक्ति ब्यवस्थापन समिति गठन गर्न सकिनेछ ।क्याम्पसको संगठनमा र ब्यवस्थापन सर्भेक्षण गर्ने कार्य नगरपालिकाले गरी दरवन्दी तेरिज स्वीकूत गर्नेछ ।

२२) पद तथा श्रेणी विभाजन

(क) क्याम्पसको शिक्षण सेक्षण सेवामा देहायबमोजिमका पद र श्रेणीहरु रहनेछन् :

| पद | श्रेणी |
|---|---|
| प्रध्यापक | विशिष्ठ |
| सहप्रध्यापक | प्रथम |
| उपप्रध्यापक | द्धितिय |
| सहायक प्रध्यापक | तृतिय |
| आंशिक | - |

(ख) क्याम्पसको प्रशासन सेवामा देहाय बमोजिमका पद र श्रेणीहरु रहने छन् :

| पद | श्रेणी |
|---|---|
| उपप्रशासनक/उपलेखा नियन्त्रक (उपसचिब वा सोसरह) | राजपत्र अनङ्कित द्धितिय |
| सहायक प्रशासक /लेखा अधिकृत (शाखा अधिकृत वा सोसरह) | राजपत्र अनङ्कित तृतीय |
| सहायक प्रथम (नायव सुब्बा वा सोसरह | राजपत्र अनङ्कित प्रथम |
| सहायक द्दितिय ( खरिदार वा सोसरह) | राजपत्र अनङ्कित तृतीय |
| सहयोगी कर्मचारी | श्रेणीविहिन |
| सवारी चालक | श्रेणीविहिन |

२३) क्याम्पसमा शैक्षिक कार्यक्रमहरु थप भएमा कार्यक्रमको प्रकृति अनुसार शिक्षक र कर्मचारी दरवन्दी थप गर्न सकिने छ ।

२४) क्याम्पस प्रमुख सम्वन्धि व्यवस्था

(क) क्याम्पस प्रमुख क्याम्पसको मुख्य कार्यकारी पदाधिकारीका रुपमा रहने छ ।

(ख) संचालक समितिको नियन्त्रण र निर्देशनमा रही क्याम्पसको शैक्षिक, प्रशासनिक र आर्थिक जिम्मेवारी बहन गर्नु क्याम्पस प्रमुखको प्रमुख कर्तब्य हुने छ ।

२५) क्याम्पस प्रमुख नियुक्ति, योग्यता, सेवासर्त, सुबिधा तथा पदावधि सम्बन्धि व्यवस्था

(क) सन्चालक समितिले क्याम्पस प्रमुखको नियुक्ति गर्ने छ ।

(ख) क्याम्पस प्रमुखको पदावधि ५ वर्षको हुने छ । क्याम्पस प्रमुखको कामकारवाही संचालक समितिलाई सन्तोषजनक लागेमा निजलाई पुन नियुक्ति दिन सकिने छ ।

(ग) क्याम्पस प्रमुखको परिश्रमिक, सेवा र सुबिधा संचालन समितिले तोके बमोजिम हुने छ ।

(घ) क्याम्पस प्रमुखको बिदा र काज संचालक समितिको अध्यक्ष वा निजबाट अख्तियारी प्राप्त उपाध्यक्षले स्वीकृत गर्ने छ ।

(ङ) क्याम्पस प्रमुखले पदमा रहिरहन नचाहेमा संचालक समितिसमक्ष राजिनामा दिने सक्ने छ । संचालक समितिबाट स्वीकृत भएपछि क्याम्पस प्रमुख पदबाट मुक्त हुने छ । तर निज क्याम्पसको प्राध्यापन कार्यमा भने रहिरहन सक्ने छ ।

(च) क्याम्पस प्रमुखले क्याम्पसको हितविपरीत काम गरेको वा सन्तोषजनक रुपमा काम नगरेको भन्ने संचालक समितिलाई लागेमा आवश्यक छानबिन गरी संचलनक समितिको बैठकको बहुमतले निजलाई पदबाट हटाउन सक्ने छ । पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

२६) सहायक क्याम्पस प्रमुखको नियुक्ति, सेवासर्त र सुबिधा तथा पदवाधि सम्बन्धी व्यवस्था

(क)संचालक समितिले क्याम्पस प्रमुखको सिफारिसमा सहायक क्याम्पस प्रमुखको नियुक्ति गर्ने छ ।

(ख) सहायक क्याम्पस प्रमुखको पदावधि २ बर्षको हुनेछ ।सहायक क्याम्पस प्रमुखको कामकारवाही क्याम्पस प्रमुख र संचालक समितिलाई सन्तोषजनक लागेमा निजलाई पुननियुक्ति दिन सकिने छ ।

(ग)सहायक क्याम्पस प्रमुखको पारिश्रमिक, सेवा र सुविधा संचालक समितिले तोकेवमोजिम हुने छ ।

(घ) सहायक क्याम्पस प्रमुखको बिदा र काज क्याम्पस प्रमुखले स्वीकृत गर्ने छ ।

(ङ) सहायक क्याम्पस प्रमुखले पदमा रहिरहन नचाहेमा क्याम्पस प्रमुखमार्फत संचालक समितिसमक्ष राजिनामा दिनसक्ने छ ।संचालक समितिबाट स्वीकृत भएपछि सहायक क्याम्पस प्रमुख पदवाट मुक्त हुने छ ।तर निज क्याम्पसको प्राध्यापन कार्यमा भने रहिरहन सक्ने छ।

(च)सहायक क्यामपस प्रमुखले क्याम्पसको हितबिपरित काम गरेको वा सन्तोषजनक रुपमा काम नगरेको भन्ने संचालन समितिलाई लागेमा आवश्यक छानविन गरी संचालन समितिको बैठकको बहुमतले निजलाई पदबाट हटाउन सक्ने छ । पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ

## परिच्छेद -५

## शिक्षक — कर्मचारीको नियुक्ति, सेवासर्त, र आचार संहितासम्बन्धि व्यवस्था

२७) विभागीय प्रमुख, प्रशासन प्रमुख, लेखा प्रमुखलगायतका शिक्षक र कर्मचारीहरुको परीश्रमिक, सेवासर्त, सुविधा र अवकाश सम्बन्धि व्यवस्था गर्न 'शिक्षक तथा कर्मचारी पदपूर्ति एवम् सेवासर्तसम्वन्धि नियमावली संचालक समितिबाट स्वीकृत गर्नुपर्ने छ । शिक्षक तथा कर्मचारीहरुको परिश्रमिक, सेवासर्त, सुविधा एवम् अवकाशसम्वन्धि व्यवस्था सोहि नियमावली बमोजिम हुने छ ।

२८) दफा २८ मा जुनसुकै कुरा उल्लेख भएतापनि त्यस्तो नियमावाली नवन्दा सम्म संचालक समितिले गर्ने निर्णय बमोजिम वा संचालनक समितिबाट निर्माण हुने निर्देशिकावमोजिम शिक्षक तथा कर्मचारीहरुको नियुक्ति, सेवासर्त, सुविधा एवम् अवकाशसम्वन्धि व्यवस्था लागु हुने छ ।

२९) शिक्षक, कर्मचारी तथा विधार्थीहरुले पालना गर्नुपर्ने आचार संहिता सम्बन्धि व्यवस्था

(१) शिक्षकले पालना गर्नुपर्ने आचार संहितासम्बन्धि व्यवस्था

(क) क्याम्पस प्रमुखले खटाएको काम गर्नुपर्ने ।

(ख) पुर्व स्वीकृति बेगर क्याम्पसमा अनुपस्थित हुन नहुने ।

(ग) क्याम्पसमा नकारात्मक असर पर्ने गरी कुनै पनि किसिमको गैह्र शेक्षिक एवम् अन्य आवन्छित गतिविधी गर्ने नहुने ।

(घ) पठनपाठनलाई मुख्य लक्ष्य ठानी क्याम्पस र विद्यार्थीको हितलाई सर्वोपरि राखेर आफ्नो विषयसँग सम्बद्ध अध्यापन,अनुसन्धान र प्रकाशन लगायतका नियमित काममा ध्यान दिनुपर्ने ।

(ङ) पूर्णकालिक शिक्षकले क्यम्पसको पुर्व स्वीकृति बिना अन्यत्र काम गर्नु नहुने ।

(च) क्याम्पस प्रमुखले तोके अनुसारका अन्य काम गर्ने ।

(छ) कुनै पनि शिक्षकले क्यम्पसको हितविपरित काम गरेको वा संतोषजनक रुपमा काम नगरेको भन्ने संचालक समितिलाई लाग्नेमा आवश्यक छानबिन गरी संचालक समितिको बैठक बहुमतले निजलाई सेवाबाट हटाउन सक्ने छ । सेवाबाट हटाउन अघि निजलाई सफाई पेश गर्ने मोका दिनु पर्नेछ ।

(२) कर्मचारी पालना गर्नुपर्नु आचार संहिता सम्बन्धि व्यवस्था

(क) क्याम्पस प्रमुखले तोकेअनुसारको काम गर्नुपर्ने ।

(ख) पुर्व स्वीकृति बेगर क्याम्पसमा अनुपस्थित हुन नहुने ।

(ग) क्याम्पसमा नकारात्मक असर पर्ने गरी कुनै पनि किसिमको गैह्र शैक्षिक एवम्‌ अन्य अवाञ्छित गतिविधि गर्न नहुने ।

(घ) आफुलाई दिइएको जिमेवारी इमानदारीपूर्वक निर्वाह गर्नुपर्ने ।

(ङ) क्याम्पसको पुर्व स्वीकृति विना अन्य काम गर्नु नहुने ।

(च) क्याम्पस प्रमुखले तोके अनुसारका अन्य काम गर्नु ।

(छ) कुनै पनि कर्मचारीले क्याम्पसको हितविपरित काम गरेको वा सन्तोषजनक रुपमा काम नगरेको भन्ने संचालक समितिलाई लागेमा आवश्यक छानबिन गरी संचालक समितिको बैठकको बहुमतले निजलाई सेवाबाट हटाउनुअघि निजलाई सफाइ पेश गर्ने मौका दिनुपर्ने छ ।

(३) विद्यार्थीले पालना गर्नुपर्ने आचार संहिता सम्वन्धी व्यवस्था

(क) क्याम्पसभित्र वा क्याम्पसबाहिर जहाँसुकै पनि अनुशासनमा रहनुपर्ने ।

(ख) काबुबाहिरको बिशेष परिस्थिति वा अवस्थामा वाहेक कक्षामा अनुपस्थित हुन नहुने ।

(ग) क्याम्पसमा नकरात्मक असर पर्ने किसिमका कुनै पनि गैह्र शैक्षिक एवम अन्य अवाञ्छित गतिविधि गर्न नहुने ।

**(घ)** क्याम्पस सभा, क्याम्पस संचालक समिति, क्याम्पस प्रशासनसँग सम्बद्ध पदाधिकारी, विभागीय प्रमुख, शिक्षक, कर्मचारी,अभिभावक, अन्य विद्यार्थीलगायतका ब्यक्तिहरुसंग शिष्ट, सभ्य र मर्यादित व्यवहार गर्नुपर्ने ।

(ङ) क्याम्पसले आयोजना गरेका कार्यक्रममा सक्रियतापूर्वक भाग लिने ।

परिच्छेद-६

क्याम्पसको सञ्चालन र व्यवस्थापन, कोष, बजेट तथा लेखा परिक्षणसम्बन्धी व्यवस्था

३०) क्याम्पसको संचालन र व्यवस्थापन

क्याम्पसको सञ्चालन र व्यवस्थापनमा नगरपालिकाले आवश्यक सहयोग गर्नेछ ।

३१) गठन

क्याम्पस सभा, क्याम्पस सञ्चालक समिति तथा आवश्यकताअनुसार बन्ने अन्य समिति र उपसमिति क्याम्पसका सम्बद्ध क्षेत्रका विज्ञ र अनुभवप्राप्त आजीवन सदस्य तथा नगरपालिकाको सहभागीता रहने गरी गठन गरिने छन् ।

३२) बजेट

(क) क्याम्पस प्रमुखले प्रत्येक वर्ष आगामी वर्षको बजेट तथा कार्यक्रम तयार गरी सञ्चालक समितिबाट स्वीकृत गराउनुपर्ने छ ।

(ख) स्वीकृत बजेट तथा कार्यक्रम नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(ग) वजेट तथा कार्यक्रम बेवसाईट मार्फत सार्वजनिक गर्नुपर्ने ।

३३)कोष

क्याम्पसको एउटा छुट्टै कोष हुने छ ।यस कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :

(क) विद्यार्थीबाट उठाएका बिभिन्न शुल्क तथा अन्य रकम ।

(ख) विश्वविधालय अनुदान आयोगबाट प्राप्त अनुदान वा सहयोग ।

(ग) नेपाल सरकारबाट प्राप्त अनुदान वा सहयोग ।

(घ) प्रदेश सरकारबाट प्राप्त अनुदान वा सहयोग ।

(ङ) नगरपालिकाबाट प्राप्त अनुदान वा सहयोग ।अन्य स्थानीय सरकारबाट प्राप सहयोग ।

(च) नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृतमा कुनै विदेशी सङ्घ-संस्थाबाट प्राप्त दान, चन्दा, अनुदान वा ऋण सहयोग ।

(छ) क्याम्पसले आन्तरिक रुपमा विभिन्न कार्यक्रमबाट आर्जन गरेको रकम ।

(ज) क्याम्पसको चल-अचल सम्पति परिचालनबाट हुने आम्दानी ।

(झ) शिक्षाविदा उधोगी,व्यापार तथा समाजसेवीहरुबाट प्राप्त चन्दा, दान आदि रकम ।

३४) क्याम्पसको कोषको रकम संचालक समितिको निर्णय अनुसार नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वा 'ख' श्रेणीको बैंकमा खाता खोली जम्मा गरिने छ ।

३५) क्याम्पसका नाममा रहने बैंकको खाता संचालन क्याम्पस संचलाक समितिले तोकेको पधाधिकारी, क्याम्पस प्रमुख र क्याम्पसको लेख प्रमुखको दस्खत संयुक्त दस्खातबाट संचालन हुनेछ ।

३६) क्याम्पसका लागि आवश्यक खर्च यहि कोषवाट बेहोरिने छ । नियमितवाहेक खर्चहरुको भुक्तानी संचालक समितिको निर्णय पश्चात् मात्र दिइनेछ ।

३७) क्याम्पसका लागि आवशयक पर्ने पुँजीगत खर्च सञ्चालक समिति र नगरपालिकाले सङघीय सरकार,प्रदेश सरकार, नगरपालिका दातृ निकाय आदिवाट जुटाउने छन् ।

३८) लेखा : क्याम्पसको लेखा प्रचलित कानुनबमोजिम राखे जिम्मेवारी लेखा प्रशासन र सञ्चालक समितिको हुने छ ।

३९) लेखा परीक्षण : क्याम्पसको आन्तरिक लेखा परीक्षण प्रचलित कानुनमा क्याम्पस बाट नियुक्त गरिएका दर्तावाला लेखापरीक्षण हुनेछ ।अन्तिम लेखा परिक्षण महालेखा परिक्षणबाट आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र लेखापरीक्षण सम्पन्न गरिसक्नु पर्नेछ ।

४०) कार्यविधिको कार्यान्वयन

यस कार्यविधिको कार्यान्वयनमा नगरपलिकाले अभिभावकीय जिम्मेवारी वहन छ।

४१) कार्यविधि परमार्जन

यस कार्यविधिलाई नगरकार्यपालिकाको आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

## परिच्छेद ७: विवध

४२) नगरपालिकाले अनुदान दिन सक्ने

(१) नगरपालिकाले क्याम्पसको सञ्चालनमा सघाउ पुग्ने गरी अनुदान दिन सकिने छ। उक्त अनुदान क्याम्पस संचालक समितिको निर्णय अनुसार देहायका कार्यमा खर्च गर्न सकिने छ :

(क) पुर्वाधार निर्माण (क्यामपस भवन, कक्षाकोठा, शोचालय निर्माण, मर्मतसम्भार तथा अन्य निर्माण र सुधार सम्बन्धी कार्यहरु)

(ख) फर्निचर निर्माण

(ग) पुस्तकालय सञ्चालन

(घ) डिजिटल प्रयोगशाला निर्माण

(ङ) चालु खर्च

(च) क्याम्पस व्यवस्थापन/मानव संसाधन व्यवस्थापन आदि।

(२) उपदफा १ अनुसारको कार्यमा बाहेक नगरपालिकाबाट प्रदान गरिएको अनुदान रकम अन्यत्र खर्च गर्न पाईने छैन। नगरपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित कानुनबमोजिम खर्च गर्ने एवम् त्यसको स्रेस्ता तयार गर्ने, लेखापरीक्षण गर्ने, बेरुजु फर्छयौट गर्ने लगायतको सम्पुर्ण जिम्मेवारी र उत्तरदायित्व क्यामपस सञ्चालक समितिको हुने छ।

४३) चल, अचल सम्पत्ति सम्बन्धी व्यवस्था

(क) क्याम्पसको चल, अचल सम्पत्तिको सुरक्षा र परिचालन गर्ने दायित्व सञ्चालक समिती र क्याम्पस प्रशासनको हुने छ।

(ख) क्याम्पसको चल,अचल सम्पत्तिको परिचालन र उपभोग गर्दा सञ्चालक समितिको स्वीकृति लिनुपर्ने छ।

(ग) कुनै कारणले क्याम्पस बन्द भएमा क्याम्पसको चल, अचल सम्पत्ति नगरपालिकाको हुने छ।

(न) 'शिक्षक' भन्नाले क्याम्पसमा अध्यापन गर्ने प्रध्यापक,सहप्रध्यापक,उपप्रध्यापक, शिक्षण सहायक तथा प्रशिक्षकलाई जनाउँदछ ।

(प) 'कर्मचारी' भन्नाले क्याम्पसमा काम गर्ने कर्मचारीलाई जनाउँदछ ।

(फ) 'जनशक्ती व्यवस्थापन समिति' भन्नाले शिक्षक तथा कर्मचारीको नियुक्ति र बढुवाको सिफारिसका लागि गठित ३ (तीन) सदस्यीय क्याम्पसको जनशक्ती व्यवस्थापन समितिलाई जनाउँदछ ।

(ब) 'सेवा आयोग अध्यक्ष' भन्नाले क्यामपस सेवा आयोगका अध्यक्षलाई सम्झनुपर्दछ ।

४) क्यामपसको नाम र कार्यालय : यस क्याम्पसको नाम 'खडक बहुमुखी क्यामपस' रहने छ । यसलाई अङ्ग्रेजीमा ' Khadak Multiple Campus ' भनिने छ । छोटकरीमा यसलाई क्याम्पसलाई 'KMC' भनिने छ ।

५) क्याम्पसको चिन्ह र छाप :



परिच्छेद २ : क्याम्पस सभा र यसको सदस्यका प्रकार

६) व्यापक जनसहभागिता जुटाउन सामुदायिकीकरणको मर्म अनुसार क्याम्पस संचालन गर्न लोकतान्त्रिक मूल्य मान्यता अनुरूप अगाडी बढन क्याम्पसलाई सक्षम बनाई सुव्यवस्थित तरिकाले संचालन,सम्बद्धन र संरक्षणका साथै आवश्यक सरसल्लाह तथा निर्देशन गर्नका निम्ति क्याम्पसको सर्वोच्च निकायको रूपमा क्याम्पस सभा रहनेछ ।सबै नेपाली नागरिक क्याम्पस सभाको सदस्य हुन योग्य हुनेछन ।क्याम्पस सभाको सदस्यको पदावधि तिन वर्षको हुनेछ ।

७) खडक बहुमुखी क्याम्पसलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गर्ने प्रयोजका लागि आवश्यक मार्गदर्शन प्राप्त गर्न क्याम्पस सभा रहने छ । उक्त सभामा देहायबमोजिम ५ (पाँच) प्रकारका सदस्यहरु रहने छन् :

(क) संस्थापक सदस्य : क्याम्पसको सञ्चालनमा पहिलो भूमिकामा रहेका शिक्षाविद्, समाजसेवी र पहिलो सञ्चालनक समितिलाई संस्थापक सदस्य मानेर तदनुरुप संस्थापक सदस्यता प्रदान गरिने छ ।

४४) अधिकार प्रत्यायोजन

यस कार्यविधिमा सभा र सञ्चालक समितीलाई तोकिएको अधिकार र कार्यहरु क्यामपस प्रमुख र क्याम्पस प्रमुखलाई तोकिएका अधिकार र कार्यहरु सहायक क्याम्पस प्रमुखलाई प्रत्यायोजन गर्न सकिनेछ।

४५) निर्देशिका बनाई लागु गर्ने

सञ्चालक समितीले क्याम्पसको सञ्चालनार्थ यस कार्यविधिको अधीनमा रही थप निर्देशिकाहरु बनाई लागु गर्न सक्ने छ।

४६) विधन संशोधन

क्याम्पस सन्चालक समितिले सम्बन्ध दिने विश्वविद्यालय अनुदान आयोगले तोकेका विषय क्षेत्रसँग नबाझिने गरी क्याम्पसको वर्तमान विधानलाई यस कार्यविधिअनुसार संशोधन गरी सम्बन्धन दिने विश्वविद्यालयबाट स्वीकृत भई आएपछि लागु हुनेछ।

४७) खारेजी र बचाउ

खडक बहुमुखी क्याम्पसको विधान,२०७९ यस कार्यविधिअनुसार गठित सञ्चालक समितिले विधान संशोधन गरी स्वीकृत गरेपश्चात, स्वतः खारेंज हुनेछ।

आज्ञाले

..........................

(हरेन्द्र कुमार श्रेष्ठ)

प्रमुख प्रशासकीय अधिकृत